अनुसुची -२
प्रस्ताव नं. १
बुदाँ नं. १२.१ संग सम्बन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश

**१३६ औ कार्यपालिका बैठक(२०८१/११/२३)**

**विषय:** स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) सम्बन्धमा।

**प्रस्ताव पेश गर्ने प्रमुखबाट स्वीकृती प्राप्त मिति : २०८१/११/१८**

**१. विषयको संक्षिप्त व्यहोरा:-** आ.व. २०८२/०८३मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) सञ्चालनका लागि स्थानीय तह छनौटका लागि आशयपत्र पेश गर्ने सम्बन्धमा।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालाय सिंहदरवार काठमाडौंद्वारा २०८१/११/१५ मा प्रकाशित आ.व. २०८२/०८३मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) सञ्चालनका लागि स्थानीय तह छनौटका लागि आशयपत्र पेश गर्ने सूचना अनुरुप आशयपत्र पेश गर्नका लागि आवश्यक विषयहरुमा कार्यपालिकामा छलफल गरी प्रतिवद्धताहरु पेश गर्नु पर्ने भएको।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** आ.व. २०८२/०८३मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) सञ्चालनका लागि स्थानीय तह छनौटका लागि आशयपत्र पेश गर्नका लागि प्राप्त गुगल फर्ममा कार्यक्रममा प्रतिवद्धता सहित कार्यपालिकाको निर्णय अपलोड गर्नुपर्ने भएकोले।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-**

**क.** प्यूठान नगरपालिकामा आर्थिक वर्ष २०८२/०८३ मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) सञ्चालनका लागि प्यूठान नगरपालिका तपसिल अनुसारका कार्य गर्नका लागि प्रतिवद्ध रहनुपर्ने ।

**तपसिल**

१. (क) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संगको सहकार्यमा सहभागितामूलक निर्णय प्रक्रिया अवलम्बन गरी स्थानीय पूर्वाधारसम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्ने।

(ख) स्थानीय पूर्वाधार विकासका लागि नवीनतम र सुधारिएका तरिका, साधन, र विधि अवलम्बन गर्ने ।

(ग) स्थानीय पूर्वाधार सहयोग कार्यक्रममार्फत प्राप्त हुने सहलगानीलाई प्यूठान नगरपालिकाको आ.व. ८२/८३ को वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शीर्षकमा समावेश गर्ने।

२. वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसँगको सहलगानीको हिस्सा बिनियोजन गर्ने।

३. पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गर्ने।

४. स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्ने र सो को जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मत सम्भारको योजना तथा बजेट तर्जुमा गर्ने .

**५. कार्यपालिकाको निर्णय:**

**" निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएअनुसारका काम गर्नका लागि नगरपालिका प्रतिवद्ध रहेने निर्णय गरियो।"**

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

१९/१२/२

**नगर प्रमुख**